नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौँ

(प्रशासन शाखा)

प.स :०७७।७८ मिति २०७७/०४/२७

च.नं. :- ३५८

## प्रेस नोट

१. जिल्ला सुरक्षा समिति काठमाडौंको आज मिति २०७७/०४/२७ गते बसेको बैठकले कोभिड १९ को संक्रमणको विषम परिस्थितिमा सामाजिक भौतिक दूरी र स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्नु पर्ने अवस्थामा संस्कृति तथा विशेष गरी भिडभाड हुने परम्परागत जात्रा, पर्व जस्ता सांस्कृतिक गतिविधि गर्दा सामाजिक भौतिक दूरी कायम गर्न अत्यन्त कठिन हुने भएकाले यस बर्ष (२०७७) को लागि यस्ता भिडभाड जन्य क्रियाकलापहरु नगर्नु नगराउनु हुन सम्बन्धित सबै सरोकारवालाहरुमा विशेष अनुरोध गरेको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारी श्री जनकराज दाहालको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट जात्रा, पर्व स्थगित गर्ने अनुरोध भएको हो । कोभिड १९ को संक्रमण र महामारी नियन्त्रणमा सबै सरोकारवालाहरुबाट सकारात्मक सहयोग हुने अपेक्षा स्थानीय प्रशासनले राखेको छ ।

२. जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०७७/०४/२७ को कोभिड १९ को मापदण्ड पालना भए नभएको सम्बन्धमा भएको अनुगमन सम्बन्धी विवरण :

पछिल्लो समयमा उपत्यकामा कोभिड १९ को संक्रमण बढ्दो क्रममा रहेको अवस्थामा अत्यधिक भिडभाड हुने स्थानहरु जस्तै सपिङ्ग मल पसल र बजार क्षेत्रमा नेपाल सरकारले तोकेको मापदण्ड पालना भए नभएको एकीन गरी मापदण्ड अनुरुप गराउनका लागि मिति २०७७/०४/२५ गतेको जिल्ला संकट व्यवस्थापन केन्द्रबाट निर्णय भए अनुसारको अनुगमन समितिले जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीहरुको नेतृत्वमा काठमाडौं महानगरपालिकाको महाबौद्ध, इन्द्रचोक, असन, विशालबजार, न्यूरोड क्षेत्र साथै नयाँबानेश्वर, पुरानो बानेश्वर, मैतिदेवी क्षेत्रमा छुट्टा छुट्टै दुई वटा अनुगमन टोलीले पसल, रेष्टुरेण्ट र खुल्ला स्थानमा कोभिड १९ को नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी प्रोटोकलको पालना भए नभएको अनुगमन देहाय बमोजिम कारवाही गरेको छ ।

- ५६ जना व्यक्तिहरुलाई माक्स नलगाई हिडेकोमा संक्रामक रोग ऐन, २०२० बमोजिम जनही रु १००।- का दरले जरिवाना गरियो ।
- करिब ३५० वटा पसलमा सामाजिक एवं भौतिक दुरी कायम नगरेको, स्यानिटाइजरको प्रयोग नगरेको साथै स्वास्थ्य सम्बन्धी मापदण्ड पालना नगरेकोले चेतावनी सहित सचेत गरिइयो ।
- सडक यात्री र सवारी चालकहरुलाई उपयुक्त तरिकाले माक्सको प्रयोग गर्न सिकाइएको ।
- करिब ५० जना माक्स किन्न नसक्ने सडक यात्रीहरुलाई माक्स वितरण गरियो ।

कमल प्रसाद पाण्डे

प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।

फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८

इमेल :daobabarmahal@gmail.com वेबसाइट: daokathmandu.moha.gov.np